(मिति २०७९ कार्तिक १४ गते सोमबार मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित)

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# कृषि तथा भूमि व्यवस्था मन्त्रालय

मुकाम: बुटवल, रुपन्देही

## कृषि एम्बुलेन्स माग सम्बन्धी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति: २०७९/०७/१४

चालु आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार 'कृषि उपज ढुवानीका लागि कृषि एम्बुलेन्स खरिद कार्यक्रम' मा सहभागी हुन ईच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (मिति २०७९/०८/१३ गतेसम्म) यस मन्त्रालय मातहतका जिल्लास्थित कृषि तथा पशु सेवा हेर्ने कार्यालयमा तपसिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यावसायिक कार्ययोजनाको ढाँचा, व्यावसायिक विवरणको ढाँचा, संलग्न गर्नुपर्ने कागजात, कार्यक्रम सञ्चालन कार्यविधि, मापदण्ड र स्वीकृत स्पेशिफिकेशन जिल्लास्थित कार्यालय वा कृषि विकास निर्देशनालयको वेवसाईट (doad.lumbini.gov.np) वा मन्त्रालयको वेवसाईट (molmac.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि मन्त्रालयको सम्पर्क नम्बर ०७१-५५०१२३ मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

### तपसिल

| कार्यक्रम | गर्नुपर्ने क्रियाकलापहरु | कृषि एम्बुलेन्सको मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| कृषि उपज ढुवानीको लागि कृषि एम्बुलेन्स खरिद | स्वीकृत मापदण्ड अनुसार न्यूनतम मापदण्ड पुरा गरेका आवेदकहरुले Single cab pick up (2WD/4WD) खरिद गर्नुपर्ने | मन्त्रालयले स्वीकृत गरेको प्राविधिक स्पेशिफिकेशन र मापदण्ड अनुसार | लुम्बिनी प्रदेशको प्रत्येक जिल्लामा कम्तिमा १ र बढीमा ३ वटा ढुवानी साधन उपलब्ध हुनेछ । | कृषक समूह वा कृषि सहकारी वा निजी फर्म वा कम्पनी वा संस्था | कार्यविधिको अधिनमा रही कुल लागतको ५० प्रतिशत वा अधिकतम १२ लाख ५० हजार प्रति प्रस्ताव |

**संलग्न गर्नु पर्ने कागजातहरु:**

१. निवेदन ।
२. आधिकारिक निकायमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
३. स्थायी लेखा नम्बर प्रमाणपत्र, गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र/ extension letter र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
४. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (मन्त्रालयको वेभसाइटमा उल्लेख भए बमोजिमको ढाँचामा) ।
५. व्यवसायको व्यावसायिक विवरण (मन्त्रालयको वेभसाइटमा उल्लेख भए बमोजिमको ढाँचामा) ।
६. सम्बन्धित स्थानीय तहको कृषि वा पशुपन्छी शाखा वा सम्बन्धित जिल्लास्थित कृषि वा पशु सेवा हेर्ने कार्यालयबाट सिफारिस पत्र ।
७. अनुदान माग गर्ने गरिएको संस्थाको निर्णयको प्रतिलिपि ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।(निजी फर्म/कम्पनी वा संस्थाको हकमा)
९. विगत १० वर्षमा कुनै पनि निकायबाट ट्रयाक्टर बाहेक ढुवानी साधन कृषि कार्यको लागि अनुदानमा प्राप्त नगरेको व्यहोराको स्वघोषणा पत्र ।

CamScanner

सुमन शर्मा रायमाझी
मन्त्री

## कृषि उपज ढुवानीको लागि कृषि एम्बुलेन्स खरिद कार्यक्रमको लागि कृषक समूह वा कृषि सहकारी वा निजी फर्म वा कम्पनी वा संस्था छनोटको मापदण्ड

लुम्बिनी प्रदेशमा अझै पनि कृषि तथा पशुपन्छीजन्य पदार्थको बजारीकरण सुव्यवस्थित हुन सकेको छैन। उपयुक्त ढुवानी साधनको अभावमा कृषकहरुले उत्पादन गरेको कृषि तथा पशुपन्छीजन्य उपजहरु बजार सम्म सुरक्षित ढुवानी गर्न नसकेको अवस्था रहेको छ। यसै सन्दर्भमा कृषि तथा भूमि व्यवस्था मन्त्रालयले उपभोक्ताहरु माझ गुणस्तरिय कृषि तथा पशुपन्छीजन्य उपजहरुको पहुँच अभिबृद्धि गर्न कृषि उपज ढुवानीको लागि कृषि एम्बुलेन्स खरिद कार्यक्रम आ.व. २०७९/८० मा संचालन गर्न स्वीकृत गरेको छ। उक्त कार्यक्रमको प्रभावकारी संचालन गर्नको लागि वास्तविक (Needy) कृषक समूह वा कृषि सहकारी वा निजी फर्म वा कम्पनी वा संस्थाको छनोटको गर्नको लागि यो मादण्ड तर्जुमा गरी लागू गरिएको छ ।

### १. निवेदन पेश गर्नको लागि आवश्यक न्यूनतम मापदण्ड

(१) प्रचलित कानून अनुसार दर्ता भएको कृषक समूह वा कृषि सहकारी वा निजी फर्म वा कम्पनी वा संस्था हुनु पर्नेछ ।

(२) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य निकायबाट विगत १० बर्षमा ट्र्याक्टर बाहेक ढुवानी साधन कृषि कार्यको लागि अनुदान प्राप्त नगरेको हुनु पर्नेछ।

(३) आधिकारिक निकायमा दर्ता भएका कम्तिमा ३ वर्ष पुगेका सक्रिय कृषक समूह वा कृषि सहकारी वा निजी फर्म वा कम्पनी वा संस्था हुनु पर्नेछ ।

### २. प्राविधिक स्पेशिफिकेशन र खरिद विधि

(१) दफा (१) अनुसार योग्यता पुगेका प्रस्तावकहरुले मन्त्रालयले तयार पारेको स्वीकृत प्राविधिक स्पेशिफिकेशन अनुसार Single cab pick up खरिद गर्नु पर्नेछ ।

(२) ढुवानी साधन कृषि कार्यमा प्रयोग गर्ने प्रतिवद्धता पत्र पेश गर्नु पर्नेछ ।

(३) बाली वस्तु अनुसार ढुवानी साधनमा मन्त्रालयको सहमति लिएर मोडिफिकेशन गर्न पाउने।

(४) छनौट भएका सम्वन्धित समूह, सहकारी, निजी फर्म वा कम्पनी वा संस्थाले जिल्लास्थित कार्यालय (कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय)को रोहवरमा प्रचलित ऐन नियमानुसार खरिद गर्नुपर्नेछ।

### ३. मूल्याङ्कन सिफारिस समिति सम्बन्धी व्यवस्था

(१) प्रस्तावहरूको प्रारम्भिक, मध्यावधी तथा अन्तिम फिल्ड अनुगमन गरी छनौट गर्न कार्यक्रम व्यवस्थापन समितिलाईलाई सिफारिस गर्नको लागि कृषि तथा भूमि व्यवस्था मन्त्रालयको योजना तथा अनुगमन महाशाखाको अध्यक्षतामा निम्न मूल्याङ्कन सिफारिस समिति रहनेछ।

सचिव

CamScanner

सुमन शर्मा रायमाझी
मन्त्री

| | |
|---|---|
| प्रमुख, योजना तथा अनुगमन महाशाखा | अध्यक्ष |
| प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| प्रमुख, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास शाखा | सदस्य |
| प्रमुख, पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा | सदस्य |
| प्रमुख, अनुगमन तथा मूल्याङ्कन शाखा | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार सम्बन्धित विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

४. <u>मूल्याङ्कन सिफारिस समितिको काम, कर्तव्य र अधिकार</u>

मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हेनछ ।

(१) सूचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/नपुगेको आधारमा प्राप्त प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन गर्ने र योग्यता पुगेका प्रस्तावहरुलाई मात्र स्थलगत मुल्याङ्कनको लागि छनोट गर्ने ।

(२) उपदफा (१) बमोजिम कागजात तथा मापदण्ड पुगेका प्रतावहरुको अनुसूचि १ बमोजिमको मूल्याङ्कनका आधारहरुमा रही स्थलगत अनुगमन तथा मूल्याङ्कन गरी योग्य प्रस्तावकहरुको प्राथमिकता क्रम तोकी कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बमोजीमको मन्त्रालयको कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने।

(३) कार्यक्रम सम्पन्नता पश्चात अनुगमन/मूल्याङ्कन गरी भुक्तानीका लागि सिफारिस गर्ने।

५. <u>छनोट प्रक्रिया</u>

(१) मूल्याङ्कन समितिबाट सिफारिस भई आएका प्रस्तवहरुलाई कार्यक्रम व्यवस्थापन समितिले स्वीकृत वा अस्वीकृत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएका प्रस्तावहरुलाई सम्बन्धित कार्यालयले सम्झौताको लागि सूचना प्रकाशन गर्नेछ ।

(३) मूल्याङ्कन समितिबाट मुल्याङ्कन गर्दा अनूसूचि १ बमोजिमको प्रत्येक मूल्याङ्कनका आधारहरुलाई छुट्याइएको अधिक्तम अङ्क भारको जोडफलको ८० प्रतिशत अङ्क प्राप्त नगर्ने आवेदकलाई छनोट प्रक्रियामा समावेश गरिने छैन।

(४) अनूसूचि १ को नोटमा रहेको व्यवस्था बमोजिम मूल्याङ्कन समितिले जिल्लाको वस्तुस्थितीको आधारमा थप गरेका मूल्याङ्कनका आधारहरुको अधिक्तम अङ्क भारलाई समेत जोडफलमा समावेश गर्नु पर्नेछ ।

(५) प्रत्येक जिल्लामा कृषि र पशु क्षेत्र हुने गरी कम्तिमा १ र बढीमा ३ वटा ढुवानी साधन उपलब्ध हुनेछ।

सचिव

CamScanner

सुमन शर्मा रायमाझी
मन्त्री

६. भुक्तानी प्रक्रिया: (१) यस मापदण्ड बमोजिमका प्रक्रियाहरु पुरा गरी छनोट भई काम सम्पन्न गरी दफा ३ बमोजिमको मूल्याङ्कन समितिबाट अन्तिम अनुगमन तथा मूल्यङ्कनबाट मन्त्रालयमा प्राप्त सिफारिस समेतलाई आधार मानी मन्त्रालयले योग्य आवेदकहरुलाई गरिने भूक्तानीको प्रक्रिया कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बमोजिम हुनेछ। सरकारी वा Registered मेकानिकल इन्जिनियरबाट पोस्ट डेलिभरी इन्स्पेक्सन गराए पश्चात मात्र अन्तिम भुक्तानी हुनेछ।

(२) कार्य सम्पन्न पश्चात अनुदानग्राहीहरुले जेष्ठ मसान्तभित्र बिल भरपाइ पेश गर्नुपर्नेछ।

(३) अनुदानग्राहीले एउटै प्रकृति/model को ढुवानी साधन खरिद गरेको हकमा भुक्तानीका लागि पेश भएको विलहरुमध्ये सबैभन्दा कम विल रकमलाई आधार मानी नियमानुसार भुक्तानी हुनेछ।

अनुसूची – १

अनुसूची १ : मुल्याङ्कनका आधारहरु

| आवेदकको संस्थाको नामः ................................... | ठेगानाः ............................. | सम्पर्क नं. ....... |
|---|---|---|

| मूल्याङ्कनका आधारहरु | | विस्तृतीकरण | अधिक्तम अङ्क | प्राप्त अङ्क |
|---|---|---|---|---|
| १.वाली वस्तु उत्पादन तथा कारोवारको अवस्था (बालीवस्तुको उत्पादनको परिमाण तथा अन्य अवस्था बारे खुल्ने गरी सम्बन्धित स्थानीय तहको कृषि वा पशुपन्छी शाखा वा जिल्ला स्थित कृषि वा पशु कार्यालयबाट सिफारिस पत्र।) | क. कम्तीमा वार्षिक १०० मे.टन खाद्यान्न बाहेकका कृषिजन्य उत्पादन भएको हुनुपर्ने। | कम्तीमा १०० मे.टन | २८ | |
| | | १०० देखि १५० मे.टन | २९ | |
| | | १५० मे.टन भन्दा बढी | ३० | |
| | ख.न्यूनतम औषत १००० लि. दैनिक दुध उत्पादन तथा संकलन गरी बजारीकरण गरेको हुनुपर्ने। | न्यूनतम औषत १००० लि. | २८ | |
| | | औषत १००० लि. देखि १५०० लि. | २९ | |
| | | औषत १५०० लि. देखि २००० लि. | ३० | |
| | ग. कम्तीमा वार्षिक २५ मे.टन माछा उत्पादन | कम्तीमा वार्षिक २५ मे.टन | २८ | |
| | | वार्षिक ४० मे.टन | २९ | |

सचिव

CamScanner

सगन शर्मा रायमाझी
मन्त्री

| मूल्याङ्कनका आधारहरु | | विस्तृतीकरण | अधिकतम अङ्क | प्राप्त अङ्क |
|---|---|---|---|---|
| | तथा बजारीकरण गरेको। | कम्तीमा वार्षिक ४० मे. टन बढी | ३० | |
| | घ. न्यूनतम औषत् २०० के. जी. दैनिक मासु वा जिउँदो पशु ढुवानी तथा बजारीकरण गरेको हुनुपर्ने। | न्यूनतम औषत् २०० के. जी. | २८ | |
| | | औषत् २०० देखि ३०० के.जी. | २९ | |
| | | औषत् ३०० के. जी. भन्दा बढी | ३० | |
| २.आवेदक संस्थामा संलग्न कृषकहरु संख्या (सम्बन्धित स्थानीय तहको कृषि वा पशुपन्छी शाखा वा जिल्ला स्थित कृषि वा पशु कार्यालयबाट सिफारिस पत्र।) | निजी वा कम्पनी वा संस्था वा समुह वा सहकारी | न्यूनतम २५ जना सम्म | ८ | |
| | | २६ देखि ५० जना सम्म | ९ | |
| | | ५० जना भन्दा बढी | १० | |
| ३. स्रोत सुनिश्चतता | आवदेकले यस कार्यक्रममा लगानी गर्न सक्ने आधारहरू | नगद मौज्यादबाट | १० | |
| | | शेयर लगानीबाट | ९ | |
| | | अन्य (रिण अन्य) | ८ | |
| ४.व्यवसायिकता | वार्षिक कारोवार | कृषिको हकमा वार्षिक ५० लाख भन्दा धेरै (पशुपन्छीको हकमा २ करोड भन्दा धेरै) | १० | |
| | | वार्षिक ३० देखि ५० लाखसम्म (पशुपन्छीको २ करोड भन्दा धेरै) | ९ | |
| | | वार्षिक ३० लाखसम्म (पशुपन्छीको हकमा २ करोड भन्दा धेरै) | ८ | |
| | व्यसायिक योजना सहित प्रस्ताव पेश भएको | व्यसायिक योजना सहित प्रस्ताव पेश भएको | ५ | |
| | | व्यसायिक योजना सहित प्रस्ताव | ४ | |

सचिव

CamScanner

सुमन शर्मा रायमाझी
मन्त्री

| मूल्याङ्कनका आधारहरु | | विस्तृतीकरण | अधिकतम अङ्क | प्राप्त अङ्क |
|---|---|---|---|---|
| | | पेश भएको | | |
| ५.दिगोपना | नियमित रोजगारी प्रदान गरिरहेको संस्था | १ जना | ३ | |
| | | ३ जना | ४ | |
| | | ५ जना वा बढी | ५ | |
| ६. सडकको अवस्था | सडक सुविधा | क. कच्ची कृषि सडकको सुविधा भएमा | १० | |
| | | ख. पक्की तथा कृषि सडकको सुविधा भएमा | ९ | |
| ७.समावेशी | संस्थामा महिला सहभागी संख्या | कम्तीमा ५० प्रतिशत भन्दा कम | ३ | |
| | | कम्तीमा ५० प्रतिशत | ४ | |
| | | शत प्रतिशत | ५ | |
| ८.सम्बन्धित व्यवसायको अभिलेख व्यवस्थापन | अभिलेख व्यवस्थान | भएको | ५ | |
| | | आँशिक भएका | ४ | |
| | | नभएको वा कमजोर | ३ | |
| ९.बाली तथा पशुपन्छी वीमा | वीमा लेख संलग्न भएको | वीमा नगरेको | ३ | |
| | | बीमा आँशिक गरेको | ४ | |
| | | बीमा गरेको | ५ | |
| १०.उत्पादित वस्तुको बजार योजना | उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चितता | आफ्नै पहलमा (आफ्नै आउटलेट भएको) | ५ | |
| | | उत्पादित वस्तुको सम्झौता गरी बजारीकरण गर्ने | ४ | |
| | | बजारीकरणको लागि आफ्नै आउटलेट नभएको, सम्झौता पनि नभएको, अनौपचारिक बजारिकरण भएको | ३ | |

नोट: प्रस्तावहरुको मूल्याङ्कनलाई प्रभावकारी, न्यायोचित र व्यवस्थित गर्नको लागि सम्बन्धित जिल्लाको वस्तुस्थीती अनुसारका मूल्याङ्कनका आधारहरु आवश्यकता परेमा यस मापदण्डको दफा ३ बमोजिमको मूल्याङ्कन समितिले थप गर्न सक्नेछ ।

२०८१।५।२५
सचिव

CamScanner

# Technical Specification

2WD/4WD Pick Up(Single Cab)

Office:Ministry of Agriculture and Land Management,Lumbini Province-Butwal

(Ref. letter no. pa. san. 079/080, Cha. no. 459, Date 2079/07/02 Bs.)

| S.N. | Criteria | Requirement | Offered Specification |
|---|---|---|---|
| 1 | General | **Single Cab Pick Up, Right Hand Drive model** suitable for driving in Nepal at an altitude upto 2500 meter and in ambient temperature -5 to 50 degree centigrade. **Gross Vehicle Weight of the Vehicle shall not be less than 2700 kg. Payload not less than 1000 kg and shall have seating capacity for at least 2 Persons including driver.** | |
| 2 | Engine | Min **2500 CC** developing **Maximum rated power output not less than 80 HP at governed RPM with torque min. 190 NM @ governed RPM,** engine fully equiped with accessories for efficient full load operation of the vehicle at operating conditions. | |
| 3 | Emission Standard | The Emission Standard of the vehicle should be "Vehicle Mass Emission Standard" of Nepal Which is to be certified by Department of Transport Mangement , Nepal | |
| 4 | Gauges | To fuel, oil pressure, transmission gauge etc. as necessary for efficient operation and maintenance etc. | |
| 5 | Clutch | Single Plate Dry friction Diaphragm type | |
| 6 | Transmission | **Manual shift at least 5 forward and one reverse ,** Synchromesh on all gears | |
| 7 | Ground clearance | High Ground clearance preferred. **Minimum 200 mm.** | |
| 8 | Suspension | Semi Elliptical Leaf Springs. | |
| 9 | Tires | Standard Size | |
| 10 | Steering | **Power Steering** | |
| 11 | Brakes | Hydraulic Disk Brakes at Front & Drum at rear | |

Mechanical Engineer

CamScanner

प्रदेश सरकार

सचिव

| | | | |
|---|---|---|---|
| 12 | Cab | 2 side doors laminated glass windscreen, wipers, glass windows on doors, comfortable seats for driver and co- passenger. Floor mats and two side view mirrors. | |
| 13 | Chassis and frame | Steel, heavy duty suitable for rough road conditions with toe-hook | |
| 14 | Essential accessories | 1. Head light, tail and rear light, reversing light, and turn signals.<br>2. Cabin lights<br>3. Speedometer / Odometer.<br>4. One Spare wheel with tyre and tube.<br>5. jack and handle.<br>6. Seat belt for driver and co-driver . | |
| 15 | Instructions | All signs and instructions in the vehicle shall be in English. | |
| 16 | Manuals | One Copy of the Operator's and Owner's instructions and maintenance manual in English shall be supplied with the vehicle. | |
| 17 | Tools | A set of tools as reqired for general maintenance shall be supplied. | |
| 18 | Colour | Standard color | |
| 19 | Warranty | Manufacturer shall provide **a minimum of One-year warranty after acceptance.** | |
| 20 | Delivery | **Single cab pick-up,** shall be delivered to: | |

Note: The major items indicated by bold and highlighted latters/alphabets/figures in the technical specifications. Non-compliance of those major items will result in non-responsiveness of the bid offered.

Bidder's signature ……………………..……..Date……………… …………………

**Prepared by:**

| | |
|---|---|
| Gupta Bdr Pun | **Nabin Ghimire** |
| Sr.Opr (Mechanical) | Mechanical Engineer |
| Signature:- | Signature |

Mechanical Engineer

Government of Nepal
Ministry of Physical Infrastructure & Transport
Department of Roads
Heavy Equipment Division
Butwal